# शिवसताक्षी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

प्रदेश नं.१

ब्याङ्गडाँडा, झापा

२०७३

कृषि विकास शाखा

प.स........

च.न.......

मिति:२०७५/०६/८

# सुचना । सुचना ॥ सुचना ॥।

प्रस्तुत बिषयमा शिवसताक्षी नगरपालिकाको आ.व. २०७५/ ०७६ को स्वीकृत वार्षिक कृषि कार्यक्रम अनुसार व्यसायिक खेति गर्ने उद्यमी कृषक / कृषक समूह / कृषि सहकारी एवंम फर्महरुलाई तपशिल अनुसारका कृषि यन्त्र / उपकरणहरु अनुदान सहुलियतमा उपलब्ध गराइने कार्यक्रम रहेकोले इच्छुक उल्लेखित कृषक, समूह, संस्थाहरुले मिति २०७५/०६/ ०८ गते देखि २०७५/०७/०७ गते सम्म कार्यालय समय भित्र नगर कार्यपालिकाको कृषि विकास शाखामा तल उल्लेखित आवश्यक कागजातहरु संलग्न राखि माग निवेदन पेश गर्नु हुन सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| क्र स. | कार्यक्रमको नाम | संख्या | अनुदान रकम रु |
|---|---|---|---|
| १. | पावर टिलर २० एच पि | २२ (बाईस) | ५० प्रतिशत वा रु १,००,०००।– का दरले |
| २ | मकै छोडाउने मेसिन | ११ (एघार) | ५० प्रतिशत वा रु १०,०००।– का दरले |
| ३. | साना सिचाई विद्युतिय मोटर (२/ ३ एच पि) | २२ (बाईस) | १०० प्रतिशत वा रु २५,०००।– का दरले |
| ४ | धान काट्ने रिपर | ११ (एघार) | ७५ प्रतिशत वा ४५,०००।– का दरले |
| ५ | मकै रोप्ने मेसीन | ४४(चौबालिस) | ५० प्रतिशत वा ३,०००।– का दरले |
| ६. | भकारो सुधार | ४४(चौबालिस) | रु १०,०००।– का दरले |

**संलग्न राख्नु पर्ने कागजातहरु(संस्थागत )**

१. समूह/ संस्था दर्ता तथा नविकरणको प्रमाण पत्र को प्रतिलिपी ।

२. समूह/ संस्थाको निर्णयको प्रतिलिपी ।

३. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

४.उक्त काम का लागी खटाईएको ब्याक्तिलाई संस्थाले दिएको अख्तियारी पत्र ।

५.माग निवेदन ।

**व्यक्तिगत उद्यमि को लागी:–**

१. माग निवेदन ।

२.नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

३. जग्गा धनि प्रमाणपत्र को प्रतिलिपी भाडा ,ठेक्कामा लिएको भए संभौता पत्रको प्रतिलिपी ।

४.सम्बन्धित वडा कार्यालयको सिफारिस ।

अधिकारी